भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

**शेयर बजारसम्बन्धी कार्यक्रम**

**कार्यक्रमः**

**मिति** : २०८३ जेठ ८ गते, शुक्रबार
**समय** : दिउँसो ४ बजे
**स्थान** : सहकारी भवन
**सहभागी शुल्क** : रू. ५०।-
**सहभागी सङ्ख्या** : ५० जना
**अन्तिम दर्ता मिति**: २०८३ जेठ ७ गते
**प्राविधिक सहयोग** : नेपाल धितोपत्र बोर्ड/भिजन सेक्युरिटिज प्रा.लि.

***आयोजक : युवा उपसमिति***



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ११६ ★ ने. सं. ११४६ अनला थ्व, तृतीया ★ मङ्गलबार ★ ५ जेठ, २०८३ ★ May 19, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - १७

**प्रहरी वृत्त दरबारमार्गमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक दीपबहादुर राना**

भदौ २३ गते काठमाडौँ माइतिघर मण्डलामा बिहानैदेखि प्रदर्शनकारीहरूले प्रदर्शन सुरू गरेपछि मसहितको टोली हाई अलर्टमा थियौँ । माइतिघर मण्डलाबाट नयाँ बानेश्वर संसद् भवनतर्फ अगाडि बढेको प्रदर्शन प्रहरीको ब्यारिकेडसमेत तोडी संसद् भवनतर्फ गएको थियो । उच्छृङ्खल भिडले संसद् भवनको पर्खाल भत्काएर संसद् भवनभित्र प्रवेश गर्दा प्रहरीले सिलसिलेबर बल प्रयोग गर्ने क्रममा गोलीसमेत चलाउनु परेको लगायतका घटनाक्रम प्रहरीको सञ्चार सेटमार्फत थाहा पाएँ ।

भदौ २४ गते बिहान अन्दाजी ०६:०० बजेको समयदेखि नै सञ्चार सेट मनिटर गर्दा सुरूमा मैले बल्खुमा भेला भएका प्रदर्शनकारीहरूले प्रहरी प्रभाग कलङ्कीमा आक्रमण गरेको सुनी थाहा पाएँ । तत्पश्चात काठमाडौँ उपत्यकामा रहेका विभिन्न वृत्त तथा प्रभागहरूमा आक्रमण गरेको कुरा थाहा पाएँ ।

दिनको अन्दाजी १४:०० बजेको समयमा अन्दाजी २ सय जनाको सङ्ख्यामा प्रदर्शनकारीहरू मोटरसाइकलमा तथा पैदल केशरमहल चोकतर्फबाट आई प्रहरी कार्यालय अगाडि भेला भएर सरकारविरूद्ध नाराबाजी गर्ने क्रम सुरू भयो । भिडको सङ्ख्या बढ्ने क्रम रोकिएन, सञ्चार सेट मनिटर गरिरहँदा काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा आक्रमण भएको थाहा पाएको थिएँ । त्यसपश्चात् अन्दाजी १६:०० बजेको समयमा अन्दाजी २/३ हजारको समूह यस कार्यालयको अगाडि जम्मा भई ढुङ्गा, बोतलसमेतले तोडफोड गरे । सो क्रममा कार्यालय प्रमुखले प्रदर्शनकारीहरूलाई संयमित हुन र आक्रमण नगर्नको लागि पटक-पटक आग्रह गर्नुभयो । हामीले रोक्ने कोशिश गर्दा गर्दै पनि प्रदर्शनकारीहरू यस कार्यालयको गेट तोडफोड गरी भित्र प्रवेश गरे । उनीहरूले डी.अ. कक्षमा तोडफोड र आगजनी गरी हिरासत कक्ष पनि तोडफोड गर्न थालेपछि साइबर ब्युरो भोटाहिटीबाट राख्न पठाइएका थुनुवाहरू हिरासत कक्षबाट निस्केर गएका हुन् ।

**प्रहरी वृत्त बालाजुमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक रणधिर जैसी**

भदौ २३ गते सामाजिक सञ्जाल एवम् अन्य मानिसहरूबाट जेनजी समूहका मानिसहरूले प्रदर्शन गर्ने क्रममा अनियन्त्रित भई एभरेस्ट होटलमा राखिएको प्रहरी ब्यारिकेड तोडी निषेधित क्षेत्रमा प्रवेश गरे । उनीहरूले सङ्घीय संसद् भवनमा ढुङ्गामुढा, तोडफोड, वाल भत्काउने, आगजनीजस्ता कार्य गरेको र उल्लिखित कार्य रोक्न प्रहरीले गोली चलाउँदा थुप्रै प्रदर्शनकारीहरूको मृत्यु भएको कुरा सामाजिक सञ्जालमार्फत सुनी थाहा पाएको हुँ ।

भदौ २४ गते बालाजु वृत्त वरपर प्रदर्शनकारीहरू कोही पनि विद्यालयको पोशाकमा थिएनन् । प्रदर्शनकारीको भिड उग्र भई ढुङ्गामुढा, बोतल इत्यादि प्रहार गर्न थाले । प्रदर्शनकारीले पटक-पटक

*बाँकी पृष्ठ ८ मा*

# सीपमूलक तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम




भक्तपुर, ४ जेठ । भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन हुने हेयर कटिङ, पाक शिक्षा, आधारभूत सिलाइ र एड्भान्स सीपमूलक तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आफूसँग भएको सीपको आधारमा आफ्नो पहिचान कायम गर्न मार्गनिर्देश गर्दै जुनसुकै क्षेत्रमा अनुशासन, मेहनत र सामूहिक भावना आवश्यक भएको बताउनुभयो ।

कुनै पनि ठुलो र सानो हुँदैन, श्रमको सम्मान गर्ने बानी हामीसँग हुनु आवश्यक छ भन्दै उहाँले आफ्नो काम र पेसा व्यवसायप्रति गर्व गर्न सक्नुपर्छ भन्नुभयो ।

एकजना व्यक्तिमा एउटा सीप आवश्यक भएको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गरी यहाँका नागरिकहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउन सहयोगी भूमिका खेल्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नागरिकलाई समाजप्रति उत्तरदायी बनाउनुपर्ने विचार व्यक्त गर्दै तालिम जीवनउपयोगी हुने हुँदा अभिरुचिपूर्वक तालिममा सहभागी हुन आग्रह गर्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नपाले व्यवसाय दर्ताको लागि अभियान नै सञ्चालन गर्दै आइरहेको स्पष्ट पार्दै तालिम प्राप्त प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैंया सुवालले तालिम सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्दै तालिम लिने प्रशिक्षार्थीहरूलाई उद्यमशील बन्न प्रेरित गर्दै आफूसँग भएको सीपअनुसारको व्यवसाय सञ्चालन गर्नुपर्ने र श्रमलाई सम्मान गर्नु आवश्यक रहेको बताउनुभयो ।

उद्योग वाणिज्य सङ्घका गौतम सुजखुले नपाले प्रशिक्षण दिइसकेपछि तालिमको सही सदुपयोग हुनुपर्ने उल्लेख गर्दै व्यापारीले नाफा कमाउने मात्र होइन सरकारी नीति नियममा पनि बस्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल बैङ्क लि. का शाखा प्रबन्धक सुनिल थुसाले आफूसँग भएको सीपले भविष्यमा रोजगार र जीविकोपार्जन प्राप्त गर्ने आधार तय हुने विचार व्यक्त गर्दै तालिम लिने प्रशिक्षार्थीहरू आफै उद्यमशील हुन प्रेरित गर्नुभयो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

**दाफा प्रदर्शनीबारे भक्तपुर नगरपालिकाको सूचना**

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी हुने भएकोले निर्धारित मितिभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने अन्तिम मिति** : २०८३ जेठ १० गते
**समय** : कार्यालय समयावधिमा
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी
: भक्तपुर नगरपालिकाका वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, इताछें, न:पुखु
**दर्ता शुल्क** : रु.१००।– प्रतिसमूह

**दाफा प्रदर्शनीसम्बन्धी नियमहरू** :

१) एउटा समूहमा वाद्यवादन र गायनसमेत गरी बढीमा १६ जना कलाकारहरू सहभागी हुन सक्नेछन् । एउटै कलाकार एकभन्दा बढी समूहमा सहभागी हुन पाइनेछैन ।
२) वाद्यवादनमा लालाखीं, झ्यालिंचा र तँ अनिवार्य हुनुपर्नेछ भने संगती बाजाको रूपमा पोङा, नौ बाजालगायतका बाजाहरू समावेश गर्न सकिनेछ ।
३) प्रत्येक समूहलाई राग बढीमा ३ मिनेटसम्मको हुने गरी जम्मा १५ मिनेट समय प्रदान गरिनेछ ।
४) सहभागी दाफा समूहले तल उल्लेखित दाफा गीतमध्ये कुनै एक छनौट गरी फाराममा उल्लेख गर्नुपर्नेछ :

१) हाय् हाय् राम राम (रणजीत मल्लको रचना) २) पचली भैरव
३) करुणामय ४) हाय् हाय् बालख
५) गोरा अर्थात् गोला (साची) ६) निदान (एकनाल)
७) नास:द्यो ८) राम नाम (चाली)
९) मनकामना १०) जय नमो:
११) जति १२) श्याम विना

५) सहभागी समूहका सदस्यहरूको पोशाकको एकरुपता र मञ्चमा प्रस्तुतीकरण शैलीलाई विशेष ध्यान दिइनेछ । समूहमा महिलाको उपस्थितिलाई उत्साहित गरिनेछ ।
६) दाफा प्रदर्शनीमा प्रस्तुतिको क्रम गोला प्रथाबाट निर्धारित गरिनेछ । प्रथम प्रस्तुति गर्ने समूहले द्यो ल्हाय् गर्नुपर्नेछ भने अन्तिम समूहले आरती पनि दिनुपर्नेछ ।
७) दाफा प्रदर्शनीमा सहभागीमध्ये उत्कृष्ट ५ वटा समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।

(नोटः संशोधनसहित)



## ख्वप माध्यमिक विद्यालय
## शारदा क्याम्पस माध्यमिक विद्यालय

देकोचा, भक्तपुर

**कक्षा ११ भर्ना कार्यक्रमसम्बन्धी सूचना**

शैक्षिक वर्ष २०८३/८४ को लागि कक्षा ११ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन र शिक्षाशास्त्र संकायमा अनलाइनमार्फत भर्ना कार्यक्रम सञ्चालन भइरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**आवेदन फारामको लागि वेभसाइट** : https://kss.mpathshala.com/kssnewadmission
**फाराम बुझाउने अन्तिम मिति** : २०८३ जेठ ८ गते, शुक्रबार, साँझ ५ बजेसम्म
**प्रवेश परीक्षा मिति** : २०८३ जेठ ९ गते, शनिबार
**प्रवेश परीक्षा समय** : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म **(पहिलो शिफ्ट)**
: दिउँसो १२:३० बजेदेखि २:३० बजेसम्म **(दोस्रो शिफ्ट)**

एसईई र प्रवेश परीक्षा नतिजाको आधारमा जेहेनदार तथा उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्तिको विशेष व्यवस्था छ । साथै, कक्षा ११ मा देहायका ऐच्छिक विषयहरू अध्यापन गराइन्छ ।

| Stream | Optional Subjects |
|---|---|
| Science | Physics, Biology, Computer Science, Chemistry |
| Management | Accounting, Business Studies, Computer Science, Finance, Business Mathematics, Economics, Hotel Management, Marketing, Tourism & Mountaineering Studies |
| Humanities | Painting, Mass Communication, Political Science, Culture, Opt. English |
| Law | Jurisprudence and Legal Theories, Procedural Law, Constitutional Law |
| Education | Child Development and Learning, Population Studies, Opt. English, Opt. Nepali |

विद्यालयको सूचना, प्रवेश परीक्षा तथा भर्नासम्बन्धी अन्य जानकारी विद्यालयको **Facebook page:** https://www.facebook.com/khwopahss र फोन नं ०१६६१०९३२, ०१६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८० बाट प्राप्त गर्न सकिनेछ ।

**website :** www.khwopahss.edu.np

# राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालको प्रथम स्थापना दिवस सम्पन्न

भक्तपुर, ४ जेठ। राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालको प्रथम स्थापना दिवस एक कार्यक्रमबिच सोमबार सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि विपशी महास्थाविरले ज्ञानमाला भवनकै अङ्ग आकु भिक्षु हुन पाएको र विदेशमा गएर अध्ययन गरी अहिले मुनिविहारमा सयौँ विद्यार्थीहरूलाई बौद्ध शिक्षा दिने अवसर प्राप्त भएको बताउनुभयो।

भक्तपुरमा १८ वटा विहार रहेकोमा मुनि विहारमा स्थानीय जनताको साथ र सहयोग सक्रिय भएको र यहाँ अध्ययन गर्ने विद्यार्थीहरू थाइल्यान्ड, श्रीलङ्कालगायतका देशहरूमा गएर अध्ययन गर्ने अवसर पाएको बताउनुभयो।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गौतम बुद्धले आर्य अष्टाङ्गिक मार्गमा सत्यको बारेमा हिँड्ने शिक्षा दिनुभएको र जनताको सेवा नै धर्म भएको बताउनुभयो।

उहाँले ज्ञानमाला भजन हाम्रो संस्कृति हो; यो भजन सम्पदा हो र संस्कृति नष्ट भयो भने परिचय गुम्न सक्ने बताउनुभयो।

उहाँले ज्ञानमाला भजनको प्रस्तुतिले सांस्कृतिक नगर भक्तपुरको महत्त्व बढेको उल्लेख गर्दै यस्ता कार्यक्रमहरू निरन्तर गर्नुपर्नेमा जोड दिनुभयो।

भनपाले यो वर्ष परम्परागत दाफा भजन प्रदर्शनी गर्ने निर्णय गरेको, संस्कृति संरक्षणको लागि भनपा निरन्तर कार्यरत रहेको उहाँले बताउनुभयो।

राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालका अध्यक्ष रमता श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा राष्ट्रिय ज्ञानमाला सङ्घ नेपालका उपाध्यक्ष विमलबहादुर शाक्यले पनि बोल्नुभएको थियो।

# बुधबारदेखि अन्तरवडा फुटसल प्रतियोगिता हुने




भक्तपुर, ४ जेठ। भक्तपुर युवा टीमको आयोजनामा भक्तपुर नगरपालिका अन्तरवडा फुटसल प्रतियोगिता बुधबारदेखि भनपा वडा नं. २ स्थित सहिद स्मृति खेल मैदानमा सुरु हुँदै छ।

उक्त प्रतियोगिताको तयारीस्वरूप भक्तपुर युवा टीमको आयोजनामा सोमबार खेलाडी भेला सम्पन्न भयो। भेलामा भक्तपुर युवा टीमका संस्थापक अध्यक्ष तथा सल्लाहकार विश्वराम कवांले खेलाडीहरूले टीमको लागि मित्रता अनुशासन र स्वास्थ्यको लागि खेल भन्ने नारालाई आत्मसात गरी खेल्नुपर्ने बताउनुभयो।

उहाँले खेल हारजितको लागि भन्दा पनि मित्रताको लागि पनि हुनुपर्ने बताउनुभयो।

भक्तपुर युवा टीमका अध्यक्ष केशव त्वानाबासुले सम्पूर्ण खेलाडीहरू अनुशासित भएर खेल्नुपर्ने विचार व्यक्त गर्नुभयो।

भेलामा उहाँले प्रतियोगिताबाट प्रथम स्थान हासिल गर्ने टीमलाई नगद रु. २५ हजार, दोस्रो हुने टीमलाई रु. १२ हजार ५००, उत्कृष्ट गोलकिपरलाई रु. २ हजार ५०० र उत्कृष्ट खेलाडीलाई नगद रु. २ हजार ५०० पुरस्कार व्यवस्था गरेको बताउनुभयो।

भेलामा टीमका सचिव रामेश्वर मचामसी, कोषाध्यक्ष श्याम तजले, सदस्यद्वय सुरेश कवां र जीवन कवांले खेलको नियमलाई अनुसरण गरी खेल्नुपर्ने विचार व्यक्त गर्नुभयो।

# कार्यकर्ताहरूले सैद्धान्तिक र राजनीतिक अध्ययनलाई जोड दिनुपर्ने

भक्तपुर, ४ जेठ। विश्व सर्वहारा वर्गका महान नेताद्वय कार्ल मार्क्सको २०८ औँ र भीआई लेनिनको १५६ औँ जन्म दिवसको अवसरमा आइतबार प्रवचन कार्यक्रम भयो।

नेमकिपा भनपा वडा नं. ७ चोर्चा एकाइ समितिको आयोजनामा भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले पार्टी कार्यकर्ताहरूले सैद्धान्तिक र राजनीतिक अध्ययनलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

शोषण नै गरिबीको मुख्य कारण मार्क्सको विश्लेषण भएको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईंले वर्ग सङ्घर्षबाट स्थापना हुने समाजवादी गणतन्त्रले मात्र शोषणलाई नियन्त्रण गर्न सकिने बताउनुभयो।

पुँजीवादी गणतन्त्रले होइन समाजवादी व्यवस्थाले मात्र कामदार जनतालाई जीवन सुनिश्चित गर्न सक्नेतर्फ बहुसङ्ख्यक जनतालाई सचेत गर्नु जरूरी छ, उहाँले भन्नुभयो।




नेमकिपा भक्तपुर नगर समितिका नारायणप्रसाद त्वानाबासुले भीआई लेनिनको जीवनी र जीवन सङ्घर्षबारे प्रकाश पार्नुभएको थियो।

नेमकिपा भनपा ७ नं. वडा एकाइ समितिका अध्यक्ष कृष्णगोविन्द खाइजूको सभापतित्वमा सम्पन्न कार्यक्रममा विश्वराम दुमरू, चन्द्रप्रसाद दुमरू र भिजन लवजूले पनि बोल्नुभएको थियो।

# 'शिखर शिखरको सौन्दर्य' र 'शिवलोकको आलोक' एकसाथ लोकार्पण

काठमाडौं, ४ जेठ। साहित्यकार तथा साहित्यिक पत्रकार रामप्रसाद पन्तका दुई नियात्राकृति 'शिखर शिखरको सौन्दर्य' र 'शिवलोकको आलोक' एकसाथ लोकार्पण गरिएको छ।

शनिबार काठमाडौँमा आयोजित कार्यक्रममा साहित्यकार गोविन्दराज भट्टराई लगायतले कृतिहरू सार्वजनिक गर्नुभएको हो।

कार्यक्रममा प्रा. डा. भट्टराईले पन्तको लेखनशैली मौलिक रहेको उल्लेख गर्दै उहाँका कृतिहरूले नेपाली नियात्रा साहित्यमा विशिष्ट स्थान बनाएको धारणा व्यक्त गर्नुभयो।

साहित्यकार प्रमोद प्रधानले 'शिखर शिखरको सौन्दर्य' माथि समीक्षात्मक मन्तव्य राख्दै कृतिमा सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पक्षहरूको जीवन्त अभिलेखीकरण भएको बताउनुभयो।

त्यस्तै, समीक्षक प्रा.डा. रामप्रसाद ज्ञवालीले 'शिवलोकको आलोक' माथि चर्चा गर्दै पन्तले पाठकलाई महत्त्वपूर्ण र अर्थपूर्ण कृतिहरू प्रदान गरेको उल्लेख गर्नुभयो।

यी दुई नियात्राकृति पन्तका क्रमश: २४ औँ र २५ औँ नियात्रासङ्ग्रह हुन्। यीसहित विभिन्न विधामा उहाँका ४८ कृतिहरू प्रकाशित भइसकेका छन्।

दायित्व वाङ्मय प्रतिष्ठानद्वारा आयोजित तथा प्रा.डा. भागवत ढकालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कृतिकार पन्तसँगै साहित्यकारहरू श्रीओम श्रेष्ठ 'रोदन', युवराज मैनाली र मोहन चापागाईले पनि आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

कार्यक्रमले नेपाली नियात्रा साहित्यमा पन्तको सिर्जनात्मक यात्राको निरन्तरतालाई थप मजबुत बनाएको सहभागीहरूले बताएका छन्।

# स्टार्टअप तथा नवप्रवर्तन उद्यमी विकास सम्मेलन सम्पन्न

भक्तपुर, ४ जेठ। नौबुँदे घोषणापत्र जारी गर्दै भक्तपुर उद्योग वाणिज्य सङ्घद्वारा आयोजित स्टार्टअप तथा नवप्रवर्तन उद्यमी विकास सम्मेलन सम्पन्न भयो।

वाग्मती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयअन्तर्गतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरसँगको सहकार्यमा सङ्घले आइतबार जिल्लाको सूर्यविनायक नगरपालिकास्थित क्लब वाग्मतीमा स्टार्टअप तथा नवप्रवर्तन उद्यमी विकास सम्मेलन २०८३ सञ्चालन गरेको हो। स्टार्टअप उद्यम तथा व्यवसाय गर्न चाहने उद्यमीलाई तालिम, प्रशिक्षण तथा परामर्श दिन जिल्ला उद्योग वाणिज्य सङ्घ मातहत सञ्चालन हुने गरी बिजनेस इन्क्युबेसन सेन्टर स्थापनाका लागि संरकारबाट बजेट व्यवस्था हुनुपर्ने, परियोजना धितोमा सहुलियतपूर्ण कर्जा प्रवाहलाई सरल बनाइनुपर्ने, स्टार्टअप कोषमा पर्याप्त बजेट विनियोजन गरी बढीभन्दा बढी स्टार्टअप उद्यमीलाई सहुलियत ऋण उपलब्ध गराउनुपर्नेलगायतका मागसहित सम्मेलन सम्पन्न भएको सङ्घले जनाएको छ।

सम्मेलनले वैदेशिक रोजगारीमा निर्भरता घटाउन सरकारले स्वदेशमै युवालाई रोजगारी र उद्यमका अवसर सिर्जना गर्न उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि, साना तथा मझौला व्यवसायलाई प्राथमिकता दिई लगानीमैत्री वातावरण बनाउन आवश्यक नीति ल्याउनुपर्ने माग गरेको छ। स्टार्टअप तथा नवप्रवर्तन उद्यमी व्यवसायीको बजार पहुँचको व्यवस्था, उत्पादित वस्तु तथा सेवा खरिदमा सरकारी प्राथमिकता, ब्रान्डिङमा प्राथमिकता, अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको पहुँच पुऱ्याउन निर्यात प्रक्रियालाई सरल र सहज बनाउनुपर्ने, उद्योग व्यवसाय दर्ता, कर प्रणाली, नवीकरणलगायतका प्रक्रियालाई पूर्ण रूपमा डिजिटलाइज्ड गरी एकद्वार प्रणालीबाट हुने व्यवस्था मिलाउनुपर्ने सम्मेलनले सुझाव दिएको छ।

सम्मेलनको उद्घाटन वाग्मती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री विन्दु श्रेष्ठले गर्नुभएको थियो। उक्त अवसरमा मन्त्री श्रेष्ठले वाग्मती प्रदेश सरकारले स्टार्टअप र नवप्रवर्तन उद्यम व्यवसाय प्राथमिकतामा राखेको बताउनुभयो। स्टार्टअप र नवप्रवर्तन उद्यमीहरूको विकासका लागि आवश्यक ऐन संशोधनका कार्यहरू भइरहेको जानकारी दिँदै उहाँले स्टार्टअप सम्मेलनले पनि उनीहरूको विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले देशमा स्टार्टअप वातावरण निर्माण तथा नवप्रवर्तन संस्कृतिको विकास तथा सुदृढीकरण, युवा उद्यमीलाई व्यवसायिक दिशानिर्देश, लगानीको वातावरण तयार, प्रविधि विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ सम्मेलन आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिलसुन्दर श्रेष्ठ, वाग्मती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव जीवलाल भुसाल, नेपाल उद्योग वाणिज्य महासङ्घ वाग्मती प्रदेशका अध्यक्ष बेदबहादुर श्रेष्ठ, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरका निर्देशक यादवनाथ आचार्य, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापति, सङ्घका कार्यसमिति सदस्य एवम् युवा उद्यमी उपसमितिका संयोजक कृतन अवालले आ-आफ्नो धारणा राख्नुभएको थियो।

सम्मेलनमा प्यानल डिस्कसन सेसन, फाउन्डर स्टोरी सेसन, पिच डेक सेसन सञ्चालन गरिएको थियो। प्यानल डिस्कसन सेसनमा विभिन्न क्षेत्रका उद्यमी व्यवसायीहरू सुबास शर्मा, डा. प्रकाशकुमार श्रेष्ठ, दर्शना श्रेष्ठ, विनायक शाह र बलराम सञ्जेल वक्ताका रूपमा रहेका थिए। 'नेपालमा तपाईं शुन्यबाट सुरु गर्नुपर्‍यो भने कुन क्षेत्रमा लगानी गर्नुहुन्छ र किन ?' विषयक समूहगत छलफलमा सुगारिका केसीले सहजीकरण गरेकी थिइन्।

फाउन्डर स्टोरी सेसनमा सफल उद्यमी व्यवसायीहरू सन्तोष पाण्डेय, सैफ गौचन, श्रीया गिरी, केश्मा थापा, निष्ठा कायस्थले आफ्नो उद्यम व्यवसाय यात्रा, सङ्घर्ष, सिकाइ र सफलताका अनुभवहरू प्रस्तुत गर्नुभयो। त्यसैगरी, पिच डेक सेसनमा मोडर्न कलेजमा अध्ययनरत गरिमा थापाले प्लास्टिक फोहोर व्यवस्थापन, ख्वप कलेजमा अध्ययनरत असिम त्वायनाले कानुनी परामर्शसम्बन्धी एप र बागीश्वरी कलेजमा अध्ययनरत रिया प्रजापतिले हस्तकलाका वस्तु उत्पादनसम्बन्धी प्रस्तावना प्रस्तुत गर्नुभएको थियो। उक्त सेसनको निर्णायकमण्डलमा सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपाने, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरका निर्देशक यादवनाथ आचार्य र वान टु वाचका महाप्रबन्ध विश्व गिरी रहनुभएको थियो।

सम्मेलनमा विभिन्न स्टार्टअप र नवप्रवर्तन उद्यमी व्यवसायीहरूद्वारा उत्पादित सेवा र वस्तुहरूको २२ वटा स्टल प्रदर्शनीमा राखिएको थियो। प्रदर्शनीमा राखिएका स्टलहरूमध्ये प्लान माई नेपालको स्टललाई उत्कृष्ट नवप्रवर्तन स्टल घोषित गरिएको सङ्घअन्तर्गतको युवा उद्यमी उपसमितिका उपसंयोजक शिशिर किसीले जानकारी दिनुभयो।

# पहिरोका कारण मध्यपहाडी लोकमार्गमा अवरुद्ध

काठमाडौं, ४ जेठ। बेमौसमी वर्षाका कारण पहिरो खस्दा मध्यपहाडी लोकमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ।

सोमबार बिहान करिब ७:२५ बजे लमजुङको मध्यनेपाल नगरपालिका-१० विभिरेभञ्ज्याङस्थित मध्यपहाडी लोकमार्गमा वर्षातको कारण माथिबाट पहिरो खस्दा सडकमा यातायात पूर्ण रूपमा अवरुद्ध भएको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो।

अवरुद्ध भएका सडक तथा राजमार्गमा सवारी गर्दा सावधानी अपनाउन प्रहरीले यात्रुहरूलाई आग्रह गरेको छ। *(रासस)*

# घूस लिएको अभियोगमा मुद्दा दायर

काठमाडौं, ४ जेठ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय भैरहवा रुपन्देहीमा कार्यरत नायब सुब्बा ओमबहादुर खाम्चाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। जग्गाको नयाँ स्रेस्ता कायम तथा नामसारी गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग दुई लाख रुपैयाँ घूस लिँदै गरेको अवस्थामा आयोगको टोलीले केही समयअघि खाम्चालाई पक्राउ गरेको थियो।

नायब सुब्बा खाम्चाले घूस लिएको पुष्टि भएकाले आयोगले आज बिगो बमोजिमको जरिवाना र कैद सजायको माग दाबी गर्दै मुद्दा दर्ता गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो। रासस

।सम्पादकीय।

# देशभक्तिपूर्ण सङ्घर्षका प्रतीक हो चि मिन्हको स्मरण आवश्यक

सर्वहारा अन्तर्राष्ट्रवादमा विश्वास राख्ने कुशल क्रान्तिकारी, राष्ट्रिय स्वतन्त्रता अभियानका सफल योद्धा, देशभक्तिपूर्ण सङ्घर्षका प्रतीक हो चि मिन्हको जन्म १९ मई १८९० मा भएको थियो। एउटा गरिब किसान र बुद्धिजीवीको परिवारमा जन्मेका हो चि मिन्ह राष्ट्रपति भए। किसान सङ्घर्षको अध्ययन गरेका उनी असल र शान्त स्वभावका परिश्रमी थिए। उनले देश, जनता, स्वतन्त्रतासम्बन्धी कथा, फ्रान्सविरोधी आन्दोलन आदिको अध्ययन गरेर धेरै ज्ञान हासिल गरे। फ्रान्सेलीहरूको अन्याय, अत्याचार र शोषण देखेर एक दिन फ्रान्सेलीहरू भियतनामबाट भाग्नैपर्छ भन्ने कुरा उनले राम्ररी बुझे। फ्रान्सेली उपनिवेशबाट भियतनामी जनता ज्यादै शोषितपीडित थिए। हो चि मिन्ह भियतनामलाई मुक्त गर्नेतर्फ लागे। उनी भियतनामी देशभक्तहरूको सम्पर्कमा गए। उनले मार्क्सवाद, लेनिनवाद तथा अक्टोबर क्रान्तिको अनुभवको अध्ययन गरे। उनले फ्रान्समा बस्ने भियतनामी देशभक्तहरूको सङ्गठन खोले।

हो चि मिन्ह पत्रकार पनि थिए। उनले मजदुरहरूको वास्तविक जीवन लेखेर एउटा उपन्यास तयार गरे। उनले साथीहरूसँग मिलेर 'तिरस्कार' नामको अखबार निकाले। अखबारमा राजनीतिक लेखहरू प्रकाशित हुन्थ्यो। उनी सैद्धान्तिक र व्यवहारिक ज्ञान भएका व्यक्तिमात्र होइनन्, योद्धा पनि थिए। उनी मार्क्सवादी पुस्तकहरूको खुब अध्ययन गर्थे। लेनिनको देहावसानमा दुःख प्रकट गर्दै उनले 'लेनिन र उपनिवेशका जनता' शीर्षकमा एक रचना लेखे। उक्त रचनामा लेखिएको थियो, "लेनिन जिउँदो हुँदा उहाँ हाम्रा पिता, गुरु, मित्र, सहयोगी र उपदेशक हुनुहुन्थ्यो। उहाँ हामीलाई समाजवादी क्रान्तिको बाटो देखाउँदै हुनुहुन्थ्यो।" उनले सोभियत सङ्घबाट प्रकाशित पत्रिका 'प्राभ्दा', 'सत्य' र 'अन्तर्राष्ट्रिय संवाद' मा लेख रचनाहरू दिन्थे र प्रकाशित हुन्थ्यो। चीनमा उनले अखबार बेच्ने काम गरे। चीनमा बस्दा उनले भियतनामी जनताबिच काम गर्ने, जनतालाई सङ्गठित गर्ने, अनुशासित हुने, शिक्षित बन्ने विचार राखे। उनले चीनमा रहेका भियतनामीहरूलाई सङ्गठित गरी 'क्रान्तिकारी भियतनामी युवा सङ्घ' खोले।

यस सङ्घले मार्क्सवादी-लेनिनवादी सिद्धान्तको प्रचार गरे। हो चि मिन्हले भियतनाममा देश र जनताको मुक्तिको लागि भियतनामी सङ्घ स्थापना गऱ्यो। उनले जनतासँग मिलेर जापानी र फ्रान्सेली उपनिवेशवादीहरूलाई धपाउने दृढ सङ्कल्प गरे। उनले क्रान्तिकारीहरूलाई सङ्गठित गर्दै शिक्षा दिन थाले। १९४५ मा राज्य सत्ता पल्टाउन सशस्त्र आक्रमण भयो। जापानी र फ्रान्सेली उपनिवेशवादीहरूको लज्जास्पद हार भयो। राष्ट्रको स्वतन्त्रताको लागि राष्ट्रिय समिति गठन भयो। यस समितिले स्वतन्त्र भियतनामको अस्थायी सरकारको कार्य गर्न थाल्यो। अस्थायी सरकारको राष्ट्रपति हो चि मिन्ह बनाइयो। राजधानी हनोई अस्थायी सरकारको अधीनमा नभएको हुँदा हनोईमा विजयी हुन क्रान्तिकारीहरूले अन्तिम युद्ध छेडे र सफलतापूर्वक लडे। राष्ट्रिय अधिवेशनमा हो चि मिन्ह भियतनामी जनवादी गणराज्यको अध्यक्ष चुनिए। १ सेप्टेम्बर १९४५ मा हो चि मिन्हको नेतृत्वमा सरकार घोषणा गर्ने निर्णय भयो। पछि आम चुनाव भयो। चुनावमा हो चि मिन्ह पक्षको जित भयो। पार्टीको राष्ट्रिय महासभा भयो। महासभाले 'भियतनाम मजदुर पार्टी' नाम राख्यो। यसरी मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित 'भियतनाम मजदुर पार्टी' ले हो चि मिन्हको अध्यक्षतामा नयाँ केन्द्रीय समिति गठन गऱ्यो।

अमेरिकी साम्राज्यवादले भियतनामी जनताको क्रान्तिकारी युद्ध दबाउन सबै प्रकारका घातक बम तथा हतियार प्रयोग गऱ्यो। भियतनामी अस्पताल, स्कूल, खेतमा बम वर्षा गरेर नष्ट गरियो। कम्युनिस्टहरूलाई खतम गरेर विश्वमा सधैंको लागि पुँजीवादी अधिनायकत्व कायम गर्ने अमेरिकाको उद्देश्य थियो। अमेरिकी युद्धको नीतिको विरोधमा अमेरिकी जनताले पनि विरोध गरे। विश्वभरिका शोषितपीडित शान्तिप्रेमी जनताले पनि विरोध गरे। एक समारोहमा हो चि मिन्हले भने, "हामी दस हजार वर्षसम्म जुझेर आएका छौँ; आवश्यक परे अझ हजार वर्षसम्म जुझ्नेछौँ।" भियतनामले साम्राज्यवादीहरूविरुद्ध अनवरत सङ्घर्ष गऱ्यो। भियतनामी जनताले फ्रान्सिसी, जापानी र अमेरिकी साम्राज्यवादलाई परास्त गरेका थिए। यसकारण, संसारका कम्युनिस्ट नेता र पार्टीहरूले उनको प्रशंसा गरेका छन्।

# साम्राज्यवादी समुद्री डाकुद्वारा इरान र चीनको नाकाबन्दी

✍ पेपे एस्कोबार

'पाइरेट्स अफ द क्यारिबियन' को शक्तिशाली पुनरागमनलाई सबैले स्वागत गरौँ, जुन अहिले 'पाइरेट्स अफ द पर्सियन गल्फ' (फारसको खाडीका समुद्री डाकू) मा स्तरोन्नति भएको छ। इस्लामावादका आदेशहरूको लज्जास्पद पतनपछि, जहाँ बर्बरियाका प्रतिनिधिहरू वार्ता गर्न होइन, आदेश दिनमात्र आएका थिए। अहिले मनोवैज्ञानिक दबाबको एउटा उग्ररूप अगाडि आएको छः जिसस ! (शाब्दिक रूपमै, किनकि उनले ट्रुथ सोसलमा पोस्ट गरेका छन्) जसले स्ट्रेट अफ हर्मुजको 'टोल बुथ' मा कर तिरिरहेका हरेक जहाजहरूलाई धम्की दिइरहेका छन्।

गोबीदेखि सहारा मरुभूमिका बालुवाका प्रत्येक कणलाई थाहा भएझैँ, यो सबै चीनको बारेमा हो। त्यसैले यो प्रश्न फेरि सोधिनु आवश्यक छः 'सेन्टकोम' (CENTCOM) अहिले 'इन्डोपाकोम' (INDOPACOM) मा विलय भएको छ, जुन समुद्री डाकूको नयाँ बहुमुखी स्वरूप (Hydra) हो। के इन्डोपाकोमसँग युआनमा महसुल तिरेर स्ट्रेट अफ हर्मुज पार गरिरहेको चिनियाँ सुपरट्याङ्करलाई रोक्ने वा दुःख दिने साहस छ ?

आफ्नो ट्रेडमार्क 'भ्रमपूर्ण आधिपत्य' को शैलीमा अमेरिकी अर्थमन्त्री बेसेन्टले भनेका छन् कि चीनले अब इरानबाट तेल प्राप्त गर्न सक्ने छैन। बर्बरियाको यो 'बबुन' (बाँदर जस्तो) हर्कत वास्तवमा चीनविरुद्ध मात्र नभई एसियाली राष्ट्रहरूको ठुलो समूह विरुद्धको आर्थिक युद्ध हो। जसले विश्वव्यापी ऊर्जा प्रवाह, व्यापार र पूर्वदेखि पश्चिमसम्म सामान ओसारपसार गर्ने प्रमुख ढुवानी मार्गलाई अवरुद्ध पार्छ। यो तेल नाकाबन्दीले चीनलाई मात्र होइन, बरु बहुध्रुवीय विश्वको ठुलो हिस्सालाई निशाना बनाएको छ।

अमेरिकी नाकाबन्दी सुरु हुनुअघि केवल पाँच राष्ट्रका जहाजहरूले मात्र स्ट्रेट अफ हर्मुज पार गर्न सक्थेः चीन, रुस, भारत, इराक र पाकिस्तान। फेरि पनि प्रश्न उठ्छः के इन्डोपाकोमले चारवटा आणविक शक्ति सम्पन्न राष्ट्रका जहाजहरूलाई कब्जा गर्ने वा डुबाउने हिम्मत गर्ने छ ?

दक्षिण कोरियाले भने एक कदम अघि बढेर हर्मुजबाट सुरक्षित मार्ग सुनिश्चित गर्न र सस्तो तेल तथा ग्यास खरिद गर्न तेहरानसँग प्रत्यक्ष वार्ताका लागि विशेष दूत पठाएको छ। वर्तमान अवस्थामा, कम्तीमा २६ वटा दक्षिण कोरियाली ट्याङ्करहरू अलपत्र परेका छन्।अब बेसेन्टको तुलना चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्ता र राष्ट्रपति सीसँगको व्यक्तिगत भेटपछि बेइजिङमा रहेका रुसी विदेशमन्त्री सर्गेई लाभरोभसँग गरौँ:


"रुसले, निस्सन्देह, उत्पन्न भएको स्रोतको अभावलाई क्षतिपूर्ति दिन सक्छ।"

चीनको तेल आयातको लगभग १३ प्रतिशत हिस्सा इरानबाट आउँछ, जुन प्रतिदिन करिब १३.८ लाख ब्यारेल हो। यसैको समानान्तरमा, 'पावर अफ साइबेरिया-!' (Power of Siberia-!) ले पूर्ण क्षमतामा काम गर्दै वर्षमा ३८ अर्ब घनमिटर ग्यास आपूर्ति गरिरहेको छ, र 'ईएसपीओ' (ESPO) तेल पाइपलाइनले कीर्तिमानी उचाइ छोइरहेको छ।

'पावर अफ साइबेरिया-२' अर्को वर्ष मात्र सञ्चालनमा आउन सक्छ। रुसले पहिले नै चीनको २० प्रतिशत तेल आपूर्ति गरिरहेको छ। लाभरोभको शब्दमा "क्षतिपूर्ति" भन्नुको अर्थ आफ्नो जगेडा क्षमतालाई अन्तिम सीमासम्म पुऱ्याउनु हो। तर, यो सम्भव छ।

अर्कोतर्फ इरानले वैकल्पिक पाइपलाइन र 'जास्क' (Jask) तेल टर्मिनलमा भरोसा गर्न सक्छ, जसको क्षमता प्रतिदिन १० लाख ब्यारेल छ र यसले स्ट्रेट अफ हर्मुजलाई पूर्ण रूपमा बाइपास गर्छ।

नाकाबन्दी घोषणा भएयता हालसम्म ८ वटा चिनियाँ ट्याङ्करहरू हर्मुज हुँदै पार गरिसकेका छन्। यसबाहेक, चीनसँग १.३ अर्ब ब्यारेलको मौज्दात छ, जुन इरानबाट हुने सम्भावित घाटालाई महिनौँसम्म थेग्न पर्याप्त छ। र सैद्धान्तिक रूपमा, चीनले अन्य गैर-इरानी फारस खाडीका बन्दरगाहहरूबाट प्रस्थान गर्ने ट्याङ्करहरूबाट तेल प्राप्त गरिरहनेछ (यद्यपि उनीहरूले अझै पनि




'टोल बुथ' मा महसुल तिर्नुपर्नेछ)।

मुख्य प्रश्न यो हो कि इरान र चीनले आफ्नो 'छद्म फ्लीट' (shadow fleet) लाई इन्डोपाकोमले अवरोध गरेको कतिञ्जेलसम्म ब्यालिस्टिक प्रतिक्रियाबिना सहन गर्नेछन् ?

**'अल अक्सा ट्रायङ्गल' नाकाबन्दीको पर्खाइ**

इरानका सबै बन्दरगाहहरूको नाकाबन्दी, जुन स्ट्रेट अफ हर्मुजको मात्र नाकाबन्दी होइनले चाँडै नै आफ्नो कडा जवाफ पाउने सम्भावना छ। यमनको 'अन्सारल्लाह' ले व्याख्या गरे अनुसारको 'अल अक्सा ट्रायङ्गल नाकाबन्दी' (बाब-अल-मन्डेब, साउदी अरबको यान्बु बन्दरगाह, स्वेज र हर्मुजको सम्बन्ध)। हुथीहरू यस विमर्शमा सामेल हुनको लागि एउटा रणनीतिक क्षणको पर्खाइमा छन्। यसले अनिवार्य रूपमा तेलको मूल्य प्रतिब्यारेल ४२०० नाघ्ने स्थिति सिर्जना गर्नेछ।

यसको अर्थ होः एक अपूरणीय र प्रणालीगत आपूर्ति झट्का। बर्बरिया प्रशासनका कायर 'बबुन' हरूले पक्कै पनि यसको दूरगामी परिणामबारे सोचेका छैनन्। तिनीहरू केवल चीनलाई तेल र अमेरिकी डलरबाट वञ्चित गर्न र सैद्धान्तिक रूपमा 'नयाँ रेशम मार्ग' (BRI) का मुख्य केन्द्रहरूलाई नष्ट गर्न पागल छन्। बाँकी सबैको ध्यान चाहिँ इन्डोपाकोमले लागू गरेको यो नाकाबन्दीले चीन बाहिरका कयौँ राष्ट्रहरूलाई कसरी तहसनहस बनाउनेछ भन्नेमा केन्द्रित छ।

यसले हामीलाई बेसेन्टजस्ता तुच्छ व्यक्तिहरूको सोचसँग मेल खाने एउटा साधारण तर सम्भावित गणनातर्फ लैजान्छ। सबैलाई तेल र अमेरिकी डलरको लागि तड्पाऊँ, ताकि उनीहरूले तेल वा डलर प्राप्त गर्नका लागि आफ्नो साथमा रहेका अमेरिकी ट्रेजरी बन्डहरू (ऋणपत्र) फेस भ्यालु (अङ्कित मूल्य) भन्दा धेरै कम मूल्यमा अमेरिकालाई नै फिर्ता बेच्न बाध्य हुन्।

यो 'जालझेलको केन्द्र' होः जहाँ अमेरिकीहरू आफ्नो ऋणलाई भारी छुटमा बजारबाट बाहिर निकाल्छन् र ऋणमा तिर्नुपर्ने त्यो विशाल ब्याजलाई सजिलै मेटाइदिन्छन्, जुन तिर्न उनीहरू असक्षम छन्।

तर बर्बरिया प्रशासनले जे चाहन्छ, त्यो पाउँछ नै भन्ने कुनै ग्यारेन्टी छैन। तेहरान समुद्री मार्गमा मात्र निर्भर छैन। दशकौँको प्रतिबन्धपछि उनीहरूले जमिनबाट जोडिने वैकल्पिक कोरिडोरहरू, वस्तु विनिमय व्यापार च्यानलहरू, र 'स्वापिङ' संयन्त्रहरू विकास गरेका छन्, उदाहरणका लागि तुर्कमेनिस्तान हुँदै।

चीन पनि अब 'मलाक्का दुविधा' (Malacca Dilemma) - मलेसिया र इन्डोनेसियाको सुमात्रा बिचको साँघुरो मार्गको कैदी रहेन, किनभने उनीहरूले रुस-चीन पाइपलाइनदेखि लिएर आफ्ना स्रोतहरूलाई अत्यन्तै सावधानीपूर्वक विविधीकरण गरेका छन्।

यति मात्र होइन, चीन-म्यानमार पाइपलाइनले मलाक्का मार्गलाई पूर्ण रूपमा बाइपास गर्छ।

तुर्कमेनिस्तान, उज्बेकिस्तान र काजाकिस्तानसम्म फैलिएको लामो 'चीन-मध्य एसिया ग्यास पाइपलाइन', जसको खर्च चीनले बेहोरेको छ र जसले अमेरिकी समुद्री प्रभुत्व लाई छल्छ, सन् २०१० को दशकदेखि नै सञ्चालनमा छ।

त्यसपछि अरब सागरमा रहेको 'ग्वादर' गहिरो समुद्री बन्दरगाह छ, जुन 'चीन-पाकिस्तान आर्थिक कोरिडोर' (CPEC) को मुख्य केन्द्र र बीआरआई (BRI) को एउटा बलियो खम्बा हो। ग्वादर इरानको सिस्तान-बलुचिस्तानमा रहेको 'चाबहार' बन्दरगाहभन्दा मात्र ८० किलोमिटर पूर्वमा छः अर्थात् फारसको खाडीबाट धेरै टाढा। यसको अर्थ अरब सागरबाट सिनजियाङसम्म सिधै स्थलमार्ग उपलब्ध छ।

इरानी तेलबाट वञ्चित हुँदैमा चीन भोकमरीमा पर्ने छैन। चीन लगभग हरेक ऊर्जा र शक्ति उत्पादन क्षेत्रमा विश्वको नेतृत्व गरिरहेको छ। उनीहरूसँग औद्योगिक क्षमता (उत्पादनशील पुँजीवाद), कच्चा पदार्थ, आपूर्ति श्रृङ्खला र दक्ष जनशक्ति छ, जसले हरेक सान्दर्भिक ऊर्जा प्रणालीका लागि आवश्यक प्रविधि र पूर्वाधार निर्माण गर्न सक्छः सौर्य प्यानल, टर्बाइन, ब्याट्री, प्रसारण लाइन र सौर्य, वायु, जलविद्युत् तथा अर्को पुस्ताको आणविक शक्तिमा जे चाहिन्छ, सबै। मैले गत वर्ष सिन्जियाङको यात्रा गर्दै वृत्तचित्र खिच्ने क्रममा ठ्याक्कै यही देखेको थिएँ।

स्पष्ट छ कि बर्बरियाका अदूरदर्शी प्यादाहरूले यो बुझ्न सक्दैनन् कि इलेक्ट्रिक गाडी (EVs), सौर्य ब्याट्री र बिजुली निर्यातमा चीनको पूर्ण प्रभुत्वको रणनीतिले कसरी यो 'मिडल किङ्गडम' (चीन) लाई नाकाबन्दी जस्ता कृत्रिम तेल र ग्यासको सङ्कटबाट जोगाइरहेको छ।

अहिलेको स्थितिमा, 'अजेय आर्मडा' (The Invincible Armada) ओमानको खाडीको बाहिरी किनारामा बसेको छ, जुन धेरैजसो तर सबै होइन, इरानी मिसाइल र ड्रोनको पहुँचभन्दा बाहिर छ। यद्यपि यो लामो दूरीका ब्यालिस्टिक र हाइपरसोनिक मिसाइलहरूको निसानामा भने पक्कै छ। अमेरिकीहरूले जहाजहरू ट्र्याक गर्न आफ्नो 'आईएसआर' (ISR - गुप्तचरी र निगरानी) प्रणाली प्रयोग गरिरहनेछन्; त्यसपछि साना डुङ्गा र हेलिकप्टरहरूमार्फत "अवरोध" (Interdiction) को प्रक्रिया सुरु गर्नेछन्।

हालसम्म, केही पनि भएको छैन। वास्तवमा, एउटा ठुलो घटना भने घटेको छः २ मिलियन ब्यारेल तेल बोक्ने क्षमता भएको, प्रतिबन्धित तर गैर-इरानी एक सुपरट्याङ्करले आफ्नो 'एआईएस' (AIS - स्वचालित पहिचान प्रणाली) खुला राखेरै ताकि हरेक ट्र्याकरले देख्न सकोस् स्ट्रेट अफ हर्मुज हुँदै इरानतर्फ प्रस्थान गऱ्यो। इन्डोपाकोमले त्यसलाई छुने हिम्मत समेत गरेन।

यसैबिच, इरानीहरू केवल पर्खिरहेका छन्, असिमेट्रिकल (अप्रत्यक्ष र रणनीतिक) रूपमा। तर भ्रममा नपर्नुहोस् यदि युद्धविराम भङ्ग भयो भने, उनीहरू लड्नका लागि निकै आतुर छन्। यस्तो अवस्थामा, हामी "सबै रोमाञ्चक मोडहरूको जननी" (Mother of All Cliffhangers) मा प्रवेश गर्नेछौँ। इरानले केवल एउटा अमेरिकी डिस्ट्रोयर (युद्धपोत) लाई डुबाइदिए पुग्छ वा चिनियाँ गुप्तचरीको सहयोगमा मिसाइल र ड्रोनको वर्षा गरेर अर्बौं डलरका ती "सजिलो सिकार" हरूलाई अक्षम बनाइदिए पुग्छ।

त्यसपछि सिङ्गो ग्रहले यसको वास्तविक स्वरूप देख्नेछः अराजकता, झुट, लुट, समुद्री डकैती र "यदि म तिमीलाई मन पराउँदिन भने मारिदिन्छु" भन्ने मानसिकता बोकेको साम्राज्यको एउटा निर्णायक र भयानक रणनीतिक पराजय।

आऊ, जे पर्छ भोगौँला।

***- दायित्वबोध डटकमबाट***

# अफ्रिकी जनताको फ्रान्सेली उपनिवेशवादविरोधी सङ्घर्षको अध्याय : हो चि मिन्ह र अफ्रिका – ४

✍ हौसला



फ्रान्सेली साम्राज्यवाद केका लागि योग्य थियो ? यो शीर्षकको लेखमा फ्रान्सेली उपनिवेशवादले धर्मको नाममा पनि देशहरूलाई दबाएको यथार्थ उजागर गरेको छ । जस्तै भारतमा हिन्दू धर्म मान्ने जनतालाई दबाई इस्लामिक धर्म प्रचार गरियो । युद्धकालीन समयमै अफ्रिकाका काला जातिका मानिसहरूलाई 'सभ्यता र मानवता' को प्रतिरोध गरेको भन्दै नरसंहार गरियो । यसरी आफ्नो 'सभ्यता र मानवता' का लागि लडेका अफ्रिकी जनताले प्राण त्याग्नुपऱ्यो । त्यतिमात्र होइन ट्युनिसियाको भूभागमा शरण खोज्दै आएका लिबियाको ट्रिपोलितानीया क्षेत्रमा ट्रिपोलितानीयाली वृद्ध, युवा, महिला बालबालिकाहरूमाथि इटालीयाली उपनिवेशको पक्ष लिएर फ्रान्सेली बन्दुकधारीहरूले रोकेर अमानवीय दुर्व्यवहार गरे । ती ट्रिपोलितानीयाली जनता फ्रान्सेली शासकहरूको जालोमा परिसकेका थिए । यद्यपि, तिनीहरूलाई दुई विकल्प दिइयो । एक फ्रान्सेली शासकबाट नरसंहार, दुई सहारा मरुभूमिमा गई भोक र प्यासबाट मर्ने । तिनीहरूले तेस्रो विकल्पको खोजी गरे, आफू उभिएको जमिनमा लडेर बिस्तारै माटोमा विलिन हुने विकल्प । दिन बित्दै गयो, पहिलो चरणमा तिनीहरूको आत्मा मारियो, तिनीहरू पलपल मरिरहेका थिए । बालबालिकाहरू भोक र प्यासले रुन पनि नसक्ने अवस्थामा पुगिसकेका थिए । काखेबालकहरूले आमाको खङ्ग्रङ्ग सुकेको दूध चुस्दा-चुस्दै प्राण त्यागिरहेका थिए । महिला र वृद्धहरूको शरीरमा हाडछालाबाहेक केही बाँकी थिएन, जिउँदै कङ्कालजत्तिकै भएका थिए । युवाहरूको शरीरमा जीवनको कुनै सङ्केत बाँकी थिएन । सास फेर्ने उत्साह पनि बाँकी थिएन । ट्रिपोलितानीयालीहरूमाथि यस्तो निर्मम यातना दिइएको थियो । विश्वमै साम्राज्यवादी र उपनिवेशवादीहरू एकअर्कोसँग मिलेर उपनिवेशका जनतालाई दबाइएको इतिहास अक्षम्य अपराधले भरिएको छ ।

'फ्रान्सेली सभ्यताको महिमा' शीर्षकको लेखमा सभ्यताको नारा दिएर संसारमा उपनिवेश खडा गर्ने र कायम राख्ने फ्रान्सको बदनियत छताछुल्ल पारिएको छ । फ्रान्सेली शासकहरू आफ्नो सभ्यताको महत्त्वपूर्ण पक्ष नम्रता (Politeness) हो भन्थे । फ्रान्सेली शासकलाई नम्र भन्नु त्यो शताब्दीकै ठूलो झूट हुनेछ । बर्बरता, हिंस्रक व्यापार, अमानवीय यातना भोगेका उपनिवेशका जनता त्यस्तै भन्थे । हिन्दचीन, माडागास्कर र अन्य उपनिवेशका आदिवासी जनतालाई राखिएको जेलमा तिनले प्रशासकलाई निहुरेर अभिवादन नगरेबापत असह्य यातना भोग्थे । यो त दृष्टान्तमात्रै भयो । त्यसकारण, सभ्यता, नम्रताको होहल्ला गरे पनि वास्तवमा फ्रान्सेली उपनिवेशवादीहरू राक्षससरह थिए ।

फ्रान्सेली शासकहरू स्वतन्त्रतालाई सभ्यताको अर्को पक्ष बताउँथे जबकि उपनिवेशका जनता र आफ्नै देशका सर्वहारा जनतालाई तिनले सिक्रीले बाँधेर राखेका थिए । दासजत्तिकै थिए । उदारता र दयालु स्वभाव फ्रान्सेली सभ्यताको परिचायक बताउँथे, फ्रान्सेली शासकहरू । तर, वास्तवमा 'जर्मनीले तिर्नेछ' नारालाई तिनले 'उपनिवेशहरूले तिर्नेछन्' बनाएका थिए । उपनिवेशका सारा सम्भावना, स्रोतसाधन, मानिसहरूको पौरखलाई पनि नछोड्ने ती शासक आदिवासी जनताको धर्म, संस्कृति, मूल्यमान्यता पनि उपनिवेशवादीकै प्रगतिका निम्ति प्रयोग गरिन्थ्यो । 'समानता' फ्रान्सेली सभ्यताको प्राण हो भनी बताउँथे । नरसंहार, लुटपाटमा रमाएको फ्रान्सेली उपनिवेशवादले समानताको उपहास गऱ्यो । सर्वहारा जनताले भोगेको, उपनिवेशका आदिवासीले बाँचेको असमानता असह्य छ । पुस्तकले पाठकसँग यही अनुभव साट्छ । 'मानवता' को फलाकोबाजी गर्दै मानवताहीन अर्थात् निकृष्ट र अमानवीय ज्यादती अफ्रिकी जनताले भोगेका छन् । आफूलाई सभ्यता, स्वतन्त्रता र मानवताको हिमायती बताउने फ्रान्सले आदिवासीको आवाज दबाउन विषालु ग्यास, अश्रुग्यास प्रयोग गर्थे । अत्यन्त हानिकारक रसायन प्रयोग गर्थे । जसले मानिसलाई अङ्गभङ्ग र सुस्तमनस्थितिको अवस्थामा पुऱ्याउँथ्यो । कानुन र न्यायको पक्षपाती बताउँदै त्यसको हत्या गरिन्थ्यो । यसरी फ्रान्सेली सभ्यताले न समानता, स्वतन्त्रता र मुक्तिको बाटो देखाउँछ न फ्रान्सेली शासकहरू नम्र, दयालु, मानवीय आचरणले युक्त नै थिए ।

प्रश्न उठ्छ फ्रान्सेली शासकले भनेझैं फ्रान्सेली सभ्यताले काला जातिका मानिसलाई सभ्य कसरी बनाउँछ ? आदिवासी जनताको आत्मस्वाभिमानको हत्या, जीवनको हत्या, गौरवपूर्ण सभ्यता र इतिहासकै हत्या गऱ्यो । थुप्रै आधारहरू सभ्यता र इतिहासकै हत्या गऱ्यो । थुप्रै आधारहरू केलाइएका छन् । युरोपेलीहरूले अफ्रिकी जनताको सामूहिक हत्यालाई के भने ? संरा अमेरिकाले अफ्रिकी जनतामाथि गरेको बर्बरतालाई सभ्यता भन्ने कि नभन्ने ? जब गोरा शासकहरूले अफ्रिकी महादेशमा पाइला टेके तबबाट त्यहाँ काला जाति, सर्वहारावर्गका जनताको रगतको खोला बग्न सुरु भयो । गोरा शासकले त्यही रगतमा मोज गरे, के यसैलाई सभ्यता भनिन्छ ? जब उपनिवेशवादी साम्राज्यवादीहरूले अफ्रिकी महादेशमा बुट बजार्न सुरु गरे तबबाट आदिवासी जनतालाई दास बनाइयो, मानिस बन्न दिइएन । पशुसरह सिक्रीले हातखुट्टा बाँधेर, घाँटीमा सिक्रीले बाँधेर सासना दिइयो । दास-व्यापार गरियो । मान्छेलाई पशुसरह किनबेच गर्ने, मासु जोखेझैं किलोग्राममा अफ्रिकी जनतालाई जोखेर किनबेच गर्ने त्यो व्यवस्थामा के सभ्यता भेटिन्छ ? बालबालिका जन्मन नपाउँदै दास बन्नुपर्ने, महिला र किशोरीहरू पलपल बलात्कृत हुनुपर्ने त्यो समाजमा फ्रान्सेलीहरूको सभ्यता कहाँ थियो ? यी मार्मिक प्रश्नहरू सोधिएका छन् ।


उपनिवेशवादीहरू अफ्रिकामा बाइबल लिएर गएका थिए । शान्तिका निम्ति क्रिश्चियन भन्दै स्पेनका क्याथोलिक राजा अफ्रिका पुगेर गरेको दमनको इतिहास पढ्न पाइन्छ । त्यही बाइबललाई स्वर्ग जाने बाटो बताउँदै ब्राजिल, बेलायत, अमेरिका लगायतका देशहरूले सन् १८३५ सम्ममा अधिपत्य जमाइसकेका थिए । अफ्रिकी जनताको आफ्नो जमिन, आफ्नो पहिचान र आफ्नो सम्पत्ति ती बाइबलधारीहरूको हातमा पुग्यो । चर्चहरू धमाधम बनाइए र त्यही चर्च दासताको केन्द्र बन्यो । दासता उन्मूलनको नारा नलगाइएको होइन तर जबजब ती शासक देशहरूले दासता उन्मूलनको कुरा गर्थे तब अझ नृशंस हत्या र दमनको तयारी गरिन्थ्यो । यसरी धर्मको आडमा अफ्रिकी जनतासँग सबैसबै लुट र डकैत गरिएको थियो ।

बेल्जियमका राजा बेलायतकी रानी एलिजाबेथदेखि युरोपका सम्पूर्ण शासकहरू काला जातिका जनताको व्यापारमा (Negro-trade) मा संलग्न थिए । ती सबैले अफ्रिकामा उपनिवेशको सामूहिक सम्झौता गरेका थिए । काला जाति (Black-flesh) को शोषणका लागि एकाधिकार खडा गरिएको थियो । अफ्रिकालाई ती देशहरूले भागबन्डा गरी गरी लुटे ।

दासहरूका व्यापारीहरूले दासलाई एक वस्तुभन्दा तुच्छ र पशुलाई भन्दा घृणित र अपमानजनक व्यवहार गर्थे । फ्रान्सेली दासव्यापारीहरूले कारखानामा काम गर्ने रैथाने जनतालाई विद्युत्को झट्का दिने गर्थे ।




सन् १८९५ मा बेलायतले मेटाबेलका ३ हजार विद्रोहीहरूको संहार गऱ्यो । सन् १९०१ देखि १९०६ सम्म पश्चिम अफ्रिकाका २५ हजारभन्दा बढी बहादुर अफ्रिकीहरूको नरसंहार गरियो । सन् १९११ मा इटालियाली उपनिवेशवादीहरूले माचिया, बेल्जियम र कङ्गो गरी जनसङ्ख्या २ करोड थियो भने सन् १९११ सम्ममा आइपुग्दा ५ लाखमा झऱ्यो । फ्रेन्च कङ्गो जातिका बासिन्दा दुई वर्षमा ४० हजारबाट २० हजारमा झऱ्यो । अन्य जाति पूर्णत: हराइसकेको अवस्था थियो । सन् १८९४ मा होटेनटोट (Hottentot) जनसङ्ख्या २० हजार थिए । सात वर्षको उपनिवेशमा सो जनसङ्ख्या नै हजार सात सयमा झऱ्यो । यसरी अफ्रिकी महादेशमा उपनिवेशवादीहरूको दास-व्यापार फस्टाएको थियो । कति अफ्रिकीहरूलाई आफ्नो देशमा जोखिमपूर्ण काम या श्रम गर्न ल्याइन्थ्यो । ती काला जातिका दासहरूले नै आजको विकसित युरोप र अमेरिकाको निर्माण गरेको थियो भन्ने बलियो प्रमाण हो, यो पुस्तक ।




पुस्तकमा मानिसको अधिकारको घोषणा (Declaration of the Rights of Man) सँगै फ्रान्सेली शासक मार्सल लाउटी (Marshal Lautey) को विषयमा चर्चा गरिएको छ । सो घोषणा फ्रान्सेली बुर्जुवा पुँजीपतिहरूको राजनीतिक घोषणापत्र थियो । त्यो घोषणा बुर्जुवा साम्राज्यको नयाँ आधारशिला उद्घाटनको घोषणा थियो । त्यो घोषणापत्र फ्रान्सेली पुँजीवादी क्रान्तिको दौरान सन् १७८९ अगष्ट २७ गते संविधानसभाबाट बेखा गरी जारी गरिएको थियो । त्यसको घोषणा फ्रेन्च मोरोक्कोमा मार्सलले गरेका थिए । उनले भनेका थिए, "फ्रान्सले आज र अब आउने थुप्रै वर्षहरूमा आदिवासीहरूका निम्ति भूमिका खेल्नेछ । रैथाने जनताले आफ्नो दायित्व सिकाउनेछ । दायित्वबोधपछि मात्र अधिकारको कुरा आउँछ । सार्वभौमिकताको सिद्धान्त फ्रान्समा सीमित रहनेछ र कानुन फ्रान्सको इच्छाबमोजिम तय हुनेछ ।"

उनले त्यो घोषणालाई जनता र इतिहासको गौरव बताए । तर, त्यो अधिकारको घोषणामा मानिस र नागरिक कतै थिएनन् । गिद्ध र सार्क अर्थात् शासकहरूका निम्ति अधिकारको घोषणा थियो । युद्धकालीन समयमा ५३,००० मोरोक्कोली जनताले दायित्व निभाउँदै प्राण त्यागे । रणभूमिमै आफ्ना हड्डी छोड्ने १० हजार थिए । अन्य मोरोक्केली जनताले आफ्नो प्राण हत्केलामा राखेर दिनरात नभनी फ्रान्सको निम्ति वस्तु पूर्ति गर्न काम गरे । 'विजय ऋण' भन्दै रैथाने मोरोक्केलीसँग भएभरको सम्पत्ति हड्पदै थिए । त्यसको बदलामा फ्रान्सेली शासकहरूले बमवारुद बर्साए । सायद यहि नै 'अधिकार' थियो । मोरोक्केलीहरूले थुप्रै कर तिर्न पर्थ्यो । सन् १९१८ मा १० करोड ९४ लाख ४९ हजार फ्रान्सेली पैसा करबाट सन् १९२२ सम्ममा १७ करोड १९ लाख ५३ हजार पुऱ्याइयो । के यही थियो अधिकारको प्रत्याभूति ? मोरोक्केली जनताको पसिना लुटेर उठाइएको करको तीन भागमा एक भाग शासकहरू मोटाउन खर्च हुन्थ्यो । मोरोक्केली जनताले आफ्नो कर्तव्य निर्वाह गरे, दासजस्तै दायित्व पूरा गरे । मानिस र नागरिक भएर तिनले नपाएको अधिकारका निम्ति अझै लड्न आवश्यक थियो, सङ्घर्ष जारी थियो । सन् १७८९ मा फ्रान्सका क्रान्तिकारी सर्वहाराहरूले आफ्नो अधिकारका निम्ति लडेझैं लड्न जरुरी थियो । यो दायित्वबारे मोरोक्कोका जनता अझै जागरुक थिएनन् । त्यसकारण, मार्सलले रक्सी, नार्कोटिक्स र प्रोस्टिच्यूटसलाई सभ्यतासँग जोडिएको मूल्यमान्यता भन्दै उपनिवेश जोगाउन तत्परता देखाइरहे । नागरिक र मानिसको अधिकार घोषणालाई उपनिवेश लम्ब्याउने नयाँ काइदा बनाए ।

विषुवत्तीय अफ्रिकामा उपनिवेशवादको चर्को निन्दा भएको थियो । सो क्षेत्रको अनुभव पुस्तकमा पढ्न पाइन्छ । त्यो क्षेत्रमा उपनिवेशवाद पूर्णत: सफल हुनसकिरहेको थिएन । त्यहाँ फ्रान्सले अन्यत्र प्रयोग गरेको उपाय काम लागेन । उपनिवेशवादको बर्बरताबारे जनताबिच निकै चर्चा हुन्थ्यो । "उपनिवेशवादी नीति अझै अभ्यासमा आइरहे हाम्रा गाउँहरू यसरी नै जलिरहेनेछन् । जलेर ध्वस्त हुनेछ, केही केही पनि हाम्रो भन्नु बाँकी रहनेछैन । कङ्गोका किनारहरूझैं ओयुवाङगुइ (Oubangui) र साङ्घा (Sangha) मानिसविहीन अर्थात रैथानेविहीन बन्नेछन् । यदि उपनिवेशवाद बाँचिरहे आउने शताब्दीसम्ममा कामगरी खाने वर्ग संसारबाट विलिन हुनेछन् ।" यसरी जनताले सचेत बनाइएको थियो । यद्यपि, फ्रान्सेली शासकहरूको बर्बरता रोकिएको थिएन । विषुवत्तीय अफ्रिकाका थुप्रै गाउँहरूलाई खरानी बनाइयो, बलले उडाइयो । त्यो क्षेत्रमा फ्रान्सेली शासक थप आक्रमण र बर्बर ढङ्गले प्रस्तुत भए । त्यही नै त्यो क्षेत्रका जनताको विद्रोहको एउटा प्रमुख कारण बन्यो ।

# दुई कोरियाबिचको सीमामा सैन्य कडाइ



सियोल, ४ जेठ (एएफपी) । प्रजातान्त्रिक जनगणतन्त्र राष्ट्रिय मामिला आयोगका अध्यक्ष नेता किम जोङ उनले दक्षिण कोरियासँग जोडिएको सीमाक्षेत्रलाई थप सुदृढ बनाउँदै 'अभेद्य किल्ला' मा रूपान्तरण गर्न सेना नेतृत्वलाई निर्देशन दिनुभएको छ ।

आइतबार आयोजित उच्चस्तरीय सैन्य बैठकमा किमले अग्रपङ्क्तिका सैनिक एकाइहरूलाई बलियो बनाउने तथा युद्ध रोकथामका लागि सैन्य तयारीमा 'ठुलो परिवर्तन' आवश्यक रहेको बताउनुभयो । सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले सार्वजनिक गरेका तस्बिरहरूमा किम पूर्ण सैनिक पोशाकमा उच्च सैन्य अधिकारीहरूको बैठकको अध्यक्षता गरिरहेको देखिएको छ ।

बैठकमा नेता किमले कमान्डरहरूलाई 'कट्टर शत्रु' विरुद्धको दृष्टिकोण अझ कडा बनाउनुपर्ने बताउनुभएको थियो । यद्यपि, समाचारमा कुनै देशको नाम उल्लेख नगरिए पनि यसलाई स्पष्ट रूपमा दक्षिण कोरियातर्फ लक्षित सन्देशका रूपमा हेरिएको छ ।

केसीएनएका अनुसार किमले 'युद्धलाई अझ प्रभावकारी रूपमा रोक्न' अग्रपङ्क्तिका एकाइहरू तथा सैन्य-प्राविधिक पक्षसँग सम्बन्धित अन्य प्रमुख संरचनाहरूलाई थप सशक्त बनाउने योजनालाई महत्त्वपूर्ण निर्णयका रूपमा प्रस्तुत गर्नुभएको थियो । उहाँले दक्षिणी सीमाक्षेत्रमा तैनाथ सैनिक संरचनालाई पुनर्गठन गर्दै सीमारेखालाई 'अभेद्य किल्ला' मा बदल्ने सत्तारूढ दलको नीतिबारे पनि चर्चा गर्नुभएको बताइएको छ ।

किमले आधुनिक युद्धको स्वरूप परिवर्तन भइरहेकाले सेनाको सञ्चालन अवधारणालाई सबै क्षेत्रमा पुनर्परिभाषित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँका अनुसार सैन्य आधुनिकीकरणका परियोजनाहरू अब केवल स्थल, जल र हवाई शक्तिमा सीमित नरही नयाँ प्रकारका युद्धक्षेत्रलाई समेत समेट्ने गरी अघि बढाइनुपर्नेछ ।

कोरिया राष्ट्रिय एकीकरण संस्थानका वरिष्ठ विश्लेषक होङ मिनका अनुसार किमका पछिल्ला निर्देशनहरूले आधुनिक युद्धको बदलिँदो स्वरूपबारे प्रजग कोरियाको बढ्दो चासो झल्काउँछन् । उहाँले युक्रेन युद्ध तथा मध्यपूर्वी द्वन्द्वमा प्रयोग भएका ड्रोन आक्रमण, सटीक प्रहार, विद्युतीय युद्ध र बहुआयामिक युद्धक्षेत्रको प्रभाव प्रजग कोरियाको सैन्य रणनीतिमा प्रत्यक्ष देखिन थालेको बताउनुभयो ।

होङ मिनका अनुसार किमले अघि सारेको अवधारणाले स्थल, समुद्र र आकाशमा सीमित परम्परागत युद्ध रणनीतिभन्दा बाहिर गएर पानीमुनिको गतिविधि, अन्तरिक्ष, विद्युतीय प्रणाली तथा साइबर क्षेत्रलाई समेत समेट्ने बहुआयामिक सैन्य संरचनाको सङ्केत गर्छ ।

यो बैठक त्यही दिन भएको थियो, जुन दिन प्रजग कोरियाको महिला फुटबल टोली आठ वर्षपछि पहिलो पटक दक्षिण कोरियामा पुगेको थियो । खेलकुद आदानप्रदानमार्फत दुई देशबिचको चिसिएको सम्बन्ध केही सहज बन्न सक्ने अपेक्षा गरिएका बेला प्योङयाङको यो सैन्य सन्देशले भने सीमाक्षेत्रमा तनाव अझ बढ्न सक्ने सङ्केत दिएको विश्लेषण गरिएको छ ।

# रुस-युक्रेन युद्धमा रुसद्वारा हजारभन्दा बढी ड्रोन नष्ट

मस्को, ४ जेठ (सिन्ह्वा) । रुस र युक्रेनबिच जारी युद्धका क्रममा पछिल्लो २४ घण्टामा युक्रेनले ठुलो सङ्ख्यामा ड्रोन आक्रमण गरेको र तीमध्ये एक हजार ४५ वटा ड्रोन रुसी हवाई प्रतिरक्षा प्रणालीले खसालेको रुसी रक्षा मन्त्रालयले आइतबार जनाएको छ । यो युद्ध सुरु भएयताकै सबैभन्दा ठुलो ड्रोन आक्रमणमध्ये एक मानिएको छ ।

रुसी रक्षा मन्त्रालयका अनुसार, खसालिएका ड्रोनहरूसँगै एक 'नेप्च्युन-एमडी' निर्देशित मिसाइल र एक 'फ्लेमिङ्गो' क्रुज मिसाइल पनि नष्ट गरिएको छ । मन्त्रालयले रुसी सेनाले जवाफी कारबाहीस्वरूप युक्रेनका विभिन्न सैन्य लक्ष्यहरूमा आक्रमण गरेको जनाएको छ ।

आरआईए नोभोस्ती समाचार संस्थाले रक्षा मन्त्रालयलाई उद्धृत गर्दै जनाएअनुसार, रुसी सेनाले ड्रोन निर्माण तथा भण्डारण केन्द्र, युक्रेनी सशस्त्र समूहहरूको अस्थायी तैनाथी स्थल र युक्रेनका पक्षमा लडिरहेका विदेशी भाडाका सैनिकहरूको अड्डालाई लक्षित गरी हमला गरेको थियो ।

यसअघि आइतबार बिहान रुसी रक्षा मन्त्रालयले रातभरिमा मात्रै ५५६ वटा युक्रेनी फिक्स्ड-विङ ड्रोन खसालिएको जानकारी दिएको थियो । ती ड्रोनहरू रुसका विभिन्न क्षेत्र हुँदै राजधानी मस्कोतर्फ लक्षित गरिएको बताइएको छ ।

मस्कोका मेयर सेर्गेई सोब्यानिनका अनुसार, पछिल्लो २४ घण्टामा राजधानी मस्को क्षेत्रमा मात्रै १२० भन्दा बढी ड्रोन खसालिएका छन् । रुसी सरकारी समाचार संस्था टासले यसलाई एक वर्षभन्दा बढी अवधिमा मस्कोमाथि गरिएको सबैभन्दा ठुलो ड्रोन आक्रमणको रूपमा वर्णन गरेको छ ।

यस घटनाले रुस-युक्रेन युद्ध थप तीव्र बन्दै गएको सङ्केत दिएको विश्लेषकहरूले बताएका छन् । पछिल्ला महिनाहरूमा दुवै पक्षले ड्रोन तथा मिसाइल प्रयोगमा उल्लेखनीय वृद्धि गरेका छन् । विशेषगरी, युक्रेनले रुसी सैन्य संरचना, इन्धन भण्डारण केन्द्र र राजधानी आसपासका क्षेत्रमा ड्रोन आक्रमणलाई तीव्र बनाएको देखिएको छ ।

यद्यपि, युक्रेनतर्फबाट यस घटनाबारे तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन । युद्धका कारण दुवै देशमा ठुलो मानवीय तथा भौतिक क्षति भइरहेको छ भने अन्तर्राष्ट्रिय समुदायले युद्ध रोक्न कूटनीतिक पहल बढाउन आग्रह गरिरहेको छ ।

# कङ्गो र युगान्डामा इबोला फैलिँदै ८८ जनाको मृत्यु

अबुजा,४ जेठ (एपी) । विश्व स्वास्थ्य सङ्गठनले कङ्गो र छिमेकी युगान्डामा फैलिएको इबोला प्रकोपलाई अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । दुर्लभ भाइरसका कारण फैलिएको यस प्रकोपमा हालसम्म ३०० भन्दा बढी शङ्कास्पद सङ्क्रमण र ८८ जनाको मृत्यु भइसकेको जनाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार , यो प्रकोप हालको अवस्थामा कोरोना महामारीजस्तो विश्वव्यापी महामारीको स्तरमा नपुगेको भए पनि अन्तर्राष्ट्रिय फैलावटको जोखिम बढ्दै गएको छ । सङ्गठनले देशहरूलाई अन्तर्राष्ट्रिय सीमा बन्द नगर्न पनि आग्रह गरेको छ । सङ्गठनले कङ्गोको राजधानी किन्शासामा समेत प्रयोगशालाबाट पुष्टि भएको इबोला सङ्क्रमण भेटिएको जनाएको छ । किन्शासा, प्रकोपको केन्द्र मानिएको पूर्वी इतुरी प्रान्तबाट करिब एक हजार किलोमिटर टाढा पर्छ । सङ्क्रमित व्यक्ति इतुरीबाट यात्रा गरेर आएको बताइएको छ ।


## हार्दिक समवेदना

जन्म
२०२९/०२/१५



स्वर्गारोहण
२०८३/०१/३०

हाम्रो मिलनसार साथी एवम् भक्तपुर नगरपालिकाका ड्राइभर इश्वर श्रेष्ठकी ममतामयी माता **निर्मला श्रेष्ठ**को अल्पआयुमै असामयिक निधन भएकोले **सातौं दिनको** पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू:**

| | | | | |
|---|---|---|---|---|
| दिलिपकुमार सुवाल | राजेन्द्रमान उलक | साजन कासिछ्वा | किशोर कोजू | सरिता देउला |
| रामकृष्ण प्रजापति | आशराम नागाजू | राजेश कोजू | तुल्सीराम हेगोजू | बालकृष्ण मचामसी |
| राम सुवाल | राजेश भैनात्व | ज्ञानेन्द्र सुवाल | सरोज घटुवा | अजय देउला |
| सिताराम सुवाल | सलिम देउला | लक्ष्मीप्रसाद दुमरु | लक्ष्मीनारायण सुवाल | पूर्णभक्त बोहजू |
| भरत अवाल | अनिस देउला | राधेश्याम मचामसी | विकास दुमरु | राजाराम गाईजु |
| दिलिपनारायण श्रेष्ठ | राधेश्याम वैद्य | लक्ष्मीप्रसाद खोजु | विश्वराम कोजू | जेतिक देउला |
| आशराम सुवाल | बुद्धिकुमार सुखपायो | सुदिल गोसाई | जेभिन कोजू | सविन देउला |
| रामशरण त्वाती | केदार दुवाल | श्रीकृष्ण लवजू | छोरी देउला | कृष्णप्रसाद त्वायना |
| अजय फसिकव | पुरुषोत्तम कवां | लक्ष्मीप्रसाद ह्योगोजू | रीता देउला | रबिन कोजू |
| राजकुमार दुवाल | सागर तचामो | केशव कोजू | न्हुछेकुमार श्रेष्ठ | सुन्दर ब्यान्जु |



## ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलामसम्बन्धी पुनः ३५ दिने अत्यन्त जरूरी सूचना

**पुनः सूचना प्रकाशित मिति : २०८३/०२/०५ गते**

यस सहकारीबाट तपसिलमा उल्लेखित सदस्यले लिनुभएको घरजग्गा धितो शीर्षकमा कर्जाको समयसमयमा सहकारीलाई तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज, किस्ता तथा ब्याजसमेतको रकम नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सहकारीले सम्पूर्ण लेना रकम चुक्ता गर्न बारम्बार मौखिक तथा लिखितरूपमा सूचना गर्दासमेत कर्जा चुक्ता भुक्तान नगरेको र स्थानीय 'मजदुर' दैनिक पत्रिकामा मिति २०८१/०९/१६ गते पहिलोपटक कर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/०५/०९ गते दोस्रोपटक कर्जा चुक्ता गर्नको लागि २१ दिने सार्वजनिक सूचना, राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/०९/१४ गते तेस्रोपटक कर्जा चुक्ता गर्नको लागि ७ दिने सार्वजनिक सूचना र राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/११/०६ गते धितो लिलामसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा विभिन्न कारणबस धितो लिलामी प्रक्रिया रोकिएकाले पुनः ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलामसम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिलको ऋणीले अबिलम्ब यस संस्थामा सम्पर्क राखी उक्त कर्जाको सम्पूर्ण बाँकी सावाँ, ब्याज हर्जाना तथा अन्य दैदस्तुरसमेत बक्यौता रकम भुक्तानी गरी ऋण सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा संस्थाको ऋण नीति, सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित कानुनबमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तल उल्लेखित मिति समय र स्थानमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपसिलको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरूलाईसमेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफै सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्थाले आफै सकार गरिलियो भनी कहींकतै उजुर बाजुर गर्न पाउनुहुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सावाँ, ब्याज, हर्जाना र अन्य खर्चसमेत तपसिलबमोजिम सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ को ३०(१)(घ) तथा प्रचलित कानुनबमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाटसमेत बाँकी लेना रकम असुलउपर गर्ने व्यहोरासमेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितो विवरण | ऋणीको फोटो |
|---|---|---|---|
| १. | **ऋण नं.** ६३००१७६<br>**ऋणीको नाम :**गणेशमान ख्याजु<br>**ना.प्र नं.:** २९।५७६<br>**ठेगाना :** भ.न.पा ६, भक्तपुर<br>**बुबा :** गणेश बहादुर ख्याजु<br>**बाजे :** आसनारायण ख्याजु<br>**जमानी बस्ने**<br>**नाम :** किरण ख्याजु<br>**ना.प्र.न. :**०२५१५<br>**ठेगाना :** भ.न.पा ६ ,भक्तपुर<br>**बुबा :** गणेश मान ख्याजु<br>**बाजे :** गणेश बहादुर ख्याजु<br>**साक्षी**<br>**नाम :** नजरमाया ख्याजु<br>**पति :** गणेश मान ख्याजु<br>**ससुरा :** गणेश बहादुर ख्याजु | गणेशमान ख्याजुको नाउँमा मालपोल कार्यलय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भ.पु.जि. नंखेल १ क स्थित **कि.नं २५५३** को **क्षेत्रफल ०-७-०-० (२२२.५३ व.मी.)** भएको जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत ।<br>**साँवा :**रू. ६५,००,०००/००<br>**ब्याज :**रू.६२,९९,९३९/००<br>**हर्जाना :**रू.८,३६,९८६/००<br>**पत्रपत्रिका,ताकेता दस्तुर समेत :**३,४९,०५६/००<br>**जम्मा :** रू.१,३९,८५,९८०/०० (एक करोड उचालिस लाख पचासी हजार नौ सय असी रुपैया मात्र ) | <br>**व्यक्तिगत जमानीकर्ता**<br> |

### लिलाम बिक्रीसम्बन्धी अन्य सर्त बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालय भवनबाट (फारम दस्तुर रू.१०००/- फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ । बोलपत्र फारममा आफुले बोलकबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
२. माथि उल्लेखित धितो सुरक्षण सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि छुट्टाछुट्टै वा एक मुस्ट पेस गर्न सकिनेछ । बोलपत्रका साथ आफुले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत धरौटी रकम यस संस्थामा जम्मा गरेको अथवा यस संस्थाको नाममा रहेको कुमारी बैङ्कको खाता नं ०६३००३७०७९६०००००१ मा रकम जम्मा गरी सोको सक्कल भौचर गोप्य शिलबन्दी बोलपत्रसाथ पेस गनुपर्नेछ । गोप्य शिलबन्दी बोलपत्र पेस गर्ने अन्तिम मितिसम्म यस संस्थामा आइपुग्ने गरी पेस गरेको हुनुपर्नेछ ।
३. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पूर्ण रकम संस्थाले तोकिदिएको समयभित्र बुझाई बोल कबुल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र स्वत रद्द भई धरौटी रकम जफत हुनेछ ।
४. स्वीकृत भएको बोलपत्रअनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर, विभिन्न करहरू तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यर्होनुपर्नेछ ।
५. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहनेछ । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खोलेको दिनमा सोही स्थानमा र समयमा लिलाम कार्य हुनेछ । बोलपत्रदाता र निजको प्रतिनिधि उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
६. बोलपत्र सदरवदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्द गरी बिनाब्याज धरौटी रकम फिर्ता दिइनेछ ।
७. अन्य सर्तहरू बोलपत्र फारममा उल्लेख गरिएबमोजिम हुनेछ ।

**बोलपत्र पेस गर्ने अन्तिम मिति** : २०८३/०३/०८
**बोलपत्र खोल्ने मिति** : २०८३/०३/०९
**समय** : बिहान ११:०० बजे
**लिलाम हुने स्थान** : श्रद्धा बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय भवन

# हार्दिक बधाई तथा शुभकामना



बाबु काजी छुँ
निर्वाचित
मिनिबस वर्गीय संयोजक



ज्ञानेन्द्र महर्जन
निर्विरोध
मिनिबस केन्द्रीय सदस्य



सत्यनारायण सुवाल
निर्विरोध
मिनिट्रक केन्द्रीय सदस्य



नरेश गोठे
निर्विरोध
प्रदेश समिति सदस्य



शेरबहादुर तामाङ्ग
निर्विरोध
प्रदेश समिति सदस्य

वैशाख २७, २८ र २९ गते पोखरामा सम्पन्न भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको ७ औं राष्ट्रिय महाधिवेशनको निर्वाचनमा केन्द्रीय, वर्गीय संयोजक, केन्द्रीय सदस्य एवम् प्रदेश समितिमा विभिन्न विधाबाट निर्वाचित तथा निर्विरोध हुनुभएका यस भक्तपुर जिल्ला यातायात समितिका कोषाध्यक्ष बाबुकाजी छुँ, सदस्य ज्ञानेन्द्र महर्जन, सत्यनारायण सुवाल, नरेश गोठे एवम् शेरबहादुर तामाङ्गज्यूलगायतमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै उहाँहरूको सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**भक्तपुर जिल्ला यातायात समिति परिवार**



# सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

## साकोस व्यवस्थापन तालिममा सहभागी होऔं ।

यस संस्थाद्वारा आयोजना हुने **दुईदिने साकोस व्यवस्थापन तालिम**मा सहभागी हुन इच्छुक सदस्यहरुलाई **२०८३ जेठ १३ गतेभित्र नाम दर्ता** गर्न सूचित गराइन्छ ।

2083
**तालिम मिति**
**२०८३ जेठ १५ र १६ गते**
**दिनको १० बजेदेखि ४ बजेसम्म**

रु
दर्ता शुल्क
रू.400

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

**व्यवस्थापक**

**(नोटः संस्थाको निर्वाचन निर्देशिका-२०७५ को नियम ३.३ अनुसार निर्वाचनमा सञ्चालक/लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवारी दिने योग्यताका रुपमा यस तालिमलाई मान्यता दिइनेछ ।)**

## जानकारी एवं छलफल कार्यक्रम सम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने संस्थाका ऋणी र सदस्यहरूलाई हालको वित्तीय बजारमा सहकारीको अवस्थाबारे र सम्पत्ती शुद्धीकरणसम्बन्धी **जानकारी एवं छलफल कार्यक्रम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

2083
**कार्यक्रम मिति**
**२०८३ जेठ १० गते, आइतबार**
**बिहान ८:३० बजेदेखि**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

**ऋण उपसमिति**

## गतिविधि





संस्थाका अध्यक्ष रुद्रनारायण लाखा, कोषाध्यक्ष जयराम गोर्खाली र सञ्चालक सदस्य रत्नश्वरी चवालज्यूलाई गुँडगाउ, हरियाणा, भारतमा हुने Strategic Leadership in Cooperatives तालिमको लागि बिदाई गरिँदै ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS
BRONZE



## हार्दिक समवेदना



**जन्मः २०१९/०५/१८**
**निधनः २०८३/०१/३०**

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. २ ब्यासी टोल बस्ने यस संस्थाका सदस्यता नं. १०५६५ का सदस्य **बद्रिलक्ष्मी कोजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## हार्दिक समवेदना

**जन्मः**
२००८।०२।१५



**स्वर्गारोहणः**
२०८३।०१।२५

हाम्रा आत्मीय मित्र लक्ष्मीबहादुर सुवालकी ममतामयी माता **पूर्णकेशरी सुवाल (पुन्थुकु)**को असामयिक निधन भएको आज **१२ औं** दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरूः**

**बाबुकाजी दुवाल** **नवीन प्रजापति**
**कृष्णहरि कर्माचार्य** **बिजय बासुकला**


*जाँचबुझ...*

पेट्रोल बम हान्नुका साथै कोही कसैले लामो लाठीको टुप्पोमा आगोको झोरा बनाई पर्खाल बाहिरबाटै कार्यालयभित्र आगो लगाउन थाले । पुनः कम्पाउन्ड बाहिरबाटै पेट्रोल बम बनाई आगो प्रहार गर्न थाले । भिड अराजक हुन थालेपछि ब्ल्याङ्क राउन्डबाट हवाई फायरसमेत गरेका थियौँ । गोली हान्ने आदेश थिएन ।

राष्ट्रपति भवन, राष्ट्रपतिको निजी निवासलगायत व्यक्तिहरूको घरमा प्रदर्शनकारीले आगजनी तोडफोड गरेको कुरा सामाजिक सञ्जालमार्फत थाहा पाएको हुँ । प्रदर्शनकारीहरूबाट ढुङ्गामुढा गर्ने, पेट्रोल बम हान्ने क्रियाकलाप भइरहेको थियो । सञ्चारसेटमा प्रहरी कर्मचारी सुरक्षित हुनुका साथै हातहतियार तथा सामानहरू जोगाउने र थुनुवाहरूलाई छाडी दिने भन्ने आदेश आएको कुरा पनि थाहा पाएको थिएँ ।

प्रहरी वृत्त बालाजुमा ढुङ्गामुढा एवम् आगजनी हुँदा दुई जना प्रदर्शनकारी घाइते भएको र उनीहरूलाई उपचारको लागि लिई गएकोमा उपचारको क्रममा मृत्यु भएको कुरा सामाजिक सञ्जालमार्फत सुनी थाहा पाएको हुँ ।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण खेलाडी, रेफ्री, प्रशिक्षक, टीम-क्लव, पुस्तकालय, सङ्घ-संस्था र खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रमः**
**मिति** : २०८३ जेठ ६ गते, बुधबार
**समय** : दिनको २:०० बजे
**स्थान**: ख्वप इन्जिनियरिङ कलेज, लिबाली



# माध्यमिक (कक्षा ११-१२) स्तरीय
संयुक्त परीक्षा समिति, भक्तपुर
स्थापित २०६१

## परीक्षा समितिका सदस्य विद्यालयहरूमा शैक्षिक सत्र २०८३ को लागि कक्षा ११ को भर्ना कार्यक्रम

१. फाराम वितरण : **२०८३ वैशाख ३० गते**, बुधबारदेखि (सम्बन्धित सबै माविहरूबाट)
२. फाराममा संलग्न हुनुपर्ने : हालसालै खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो २ प्रति, एस.ई.ई.को ग्रेडसीट (हाललाई इन्टरनेटबाट डाउनलोड गरेको) र चारित्रिक प्रमाणपत्रको फोटोकपी १/१ प्रति
३. फारम बुझाउने अन्तिम मिति : **२०८३ जेठ ८ गते**, शुक्रबार, साँझ ५ बजेसम्म
४. प्रवेश परीक्षा मिति तथा समय : **२०८३ जेठ ९ गते**, शनिबार (बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म) **(आवश्यकताअनुसार थप प्रवेश परीक्षा लिन सकिनेछ ।)**
५. प्रवेश परीक्षा केन्द्र : आवेदन फाराम बुझाएको विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिनेछ ।
६. परीक्षा दिनुपर्ने विषयहरू
अ) विज्ञान/प्राविधिक समूह : अङ्ग्रेजी, गणित, विज्ञान
आ) व्यवस्थापन समूह : अङ्ग्रेजी, सामाजिक अध्ययन, लेखा
इ) मानविकी/शिक्षा/कानुन समूह : अङ्ग्रेजी, नेपाली, सामाजिक अध्ययन
७. प्रवेश परीक्षाको नतिजा प्रकाशन : **२०८३ जेठ ११ गते**, सोमबार, बिहान १०:०० बजे (सम्बन्धित माविहरूमा)
८. अन्तर्वार्ता : लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूको अन्तर्वार्ता **२०८३ जेठ १२ गते**, मङ्गलबार बिहान ७ बजेदेखि सम्बन्धित माविहरूमा सञ्चालन हुनेछ ।
९. भर्ना हुने अन्तिम मिति : **२०८३ जेठ २२ गते**, शुक्रबार
१०. कक्षा सञ्चालन : **२०८३ जेठ २८ गते**, बिहीबार
११. शुल्क विवरण :
अ) आवेदन फाराम रु.२५।- तथा प्रवेश परीक्षा शुल्क रु.१००।-
आ) शैक्षिक वर्ष २०८३ मा भर्ना हुने विद्यार्थीहरूको लागि शुल्क संरचना सबै माविहरूका लागि गत शैक्षिक सत्रकै हुनेछ ।

- कम्प्युटर शुल्क, होटल म्यानेजमेन्ट शुल्क, OJT शुल्क सम्बन्धित विद्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।
- गरीब तथा जेहनदार विद्यार्थीहरूलाई उचित छात्रवृत्ति दिइनेछ ।

### सदस्य विद्यालयहरू

| | | | |
|---|---|---|---|
| वागीश्वरी मावि, च्याम्हासिंह<br>६६१४३९१, ६६१०२७०, ६६१३०४१ | बासु मावि, कालीघाट<br>६६१५२५७, ६६१९०१४, ६६२०३०० | आदर्श आजाद मावि, परदेशी भीमसेनस्थान<br>६६१०५८० | |
| देवी मावि, ताथली<br>५९२५८३३ | दोलागिरि मावि, चाँगु<br>५१४१२२० | जोरपाटी मावि, जोरपाटी<br>६५४०१५४ | विद्यार्थी निकेतन मावि, दरबार स्क्वायर<br>६६१०३८६ |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा